## श्री ५ को सरकार
## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाई बक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२१ सालको ऐन नं. ३५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### इण्डो-नेपाल औद्योगिक कर्पोरेशन ऐन, २०१६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– इण्डो-नेपाल औद्योगिक कर्पोरेशन ऐन, २०१६ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "इण्डो-नेपाल औद्योगिक कर्पोरेशन (दोस्रो संशोधन) ऐन, २०२१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ लाई उप-दफा (१) गरी त्यसपछि निम्नलिखित उप-दफा (२) थपिएको छः–

६. (२) यो ऐन वा नियमावलीमा लेखिएको कुनै काम उल्लंघन गरेको दफा ४६ बमोजिम ठहरेमा उप-दफा (१) अन्तर्गत प्राप्त सबै वा कुनै हक, स्वतन्त्रता, सुविधा र छूटहरू श्री ५ को सरकारबाट झिक्न वा खारेज हुन सक्नेछ ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ४३ मा संशोधनः– मूल ऐनको दफा ४३ को सट्टा निम्नलिखित दफा ४३ राखिएको छः–

४३. विघटनः– (१) कर्पोरेशन आफ्नो स्वेच्छाले वा अञ्चल अदालतको आदेशले वा श्री ५ को सरकारको आदेशले विघटन हुन सक्नेछ ।

(२) कर्पोरेशन आफ्नो स्वेच्छाले विघटन हुंदा नियमावलीमा लेखिएको तत्सम्बन्धी कार्यविधि अपनाइनेछ ।

(३) अञ्चल अदालतको आदेशले वा श्री ५ को सरकारको आदेशले कर्पोरेशन विघटन हुंदा सो आदेशमा कुनै खास कार्यविधि तोकिएको भए सोही बमोजिम र नतोकिएमा नियमावलीमा लेखिएको स्वेच्छिक विघटन सम्बन्धी कार्यविधि अपनाइनेछ ।

४. मूल ऐनको दफा ४४ मा संशोधनः– मूल ऐनको दफा ४४ को सट्टा निम्नलिखित दफा ४४ राखिएको छः–

४४. अदालतको आदेशले वा श्री ५ को सरकारको आदेशले विघटन हुने अवस्थाः–

(१) देहायको अवस्थामा अञ्चल अदालतको आदेशले कर्पोरेशनको विघटन गर्न सकिनेछः–

(क) अदालतबाट विघटन गराउने गरी कर्पोरेशनले विशेष प्रस्तावद्वारा निर्णय गरेमा वा,

(ख) कर्पोरेशन आफ्नो ऋण तिर्न असमर्थ भएमा ।

(२) देहायका अवस्थामा श्री ५ को सरकारको आदेशले कर्पोरेशनको विघटन गर्न सकिनेछः–

(क) मूल ऐनको दफा ९ को खण्ड (क) मा उल्लिखित उद्योग-हरू श्री ५ को सरकारबाट स्वीकृति वा तोकिएको अवधि-भित्र स्थापना गर्न वा चालू गर्न नसकेमा, वा

(ख) यो ऐन वा नियमावलीमा लेखिए विपरीत काम गरे वापत कर्पोरेशनलाई एउटै किसिमको कसूरमा तीन वा सोभन्दा बढी पटक दफा ४६ अनुसार जरिवाना भएमा ।

५. मूल ऐनको दफा ४६ मा संशोधनः– मूल ऐनको दफा ४६ को सट्टा निम्नलिखित दफा ४६ राखिएको छः–

४६. सजायंः– (१) यो ऐन वा नियमावलीमा लेखिए विपरीत कुनै काम गरेमा श्री ५ को सरकारको सम्बन्धित बिभागले कर्पोरेशनलाई कसूर हेरी रु. ५००।– पांचसय रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

६३३

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यसरी जरिवाना गर्न अगावै कर्पोरेशनलाई आफ्नो सफाइ पेश गर्ने मौका दिइनेछ ।

(२) उप-दफा (१) अन्तर्गत भएको जरिवानाको लगत कस्ने हकमा श्री ५ को सरकारको सम्बन्धित विभागले जिल्ला अदालतको दण्ड जरिवाना असूल गर्ने अधिकारीलाई दिनेछ र सो अधिकारीले पनि अदालतको लगत सरह असूल गरी फछ्र्यौट गर्नुपर्छ ।

लालमोहर सदर मिति २०२१।१२।२९।१ मा

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह–सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

६.३४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
मुद्रण विभाग, सिंहदरबार